धनगढी उप-महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड :०७ संख्या : ०३ मिति :२०८०/०३/०५

## भाग-२

धनगढी उप-महानगरपालिका

# आपतकालीन पूर्व तयारी तथा प्रतिकार्य योजना,२०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८० ।०३ ।०५

राजपत्रमा प्रकाशित मिति : २०८०।०३ ।०६

धनगढी उप-महानगरपालिका राजपत्र

# विषय सूची

खण्ड १: उप–महामगरपालिकाको संक्षिप्त परिचय ........ ३

खण्ड २: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कानूनी तथा नीतिगत पृष्ठभूमि ........ ४

खण्ड ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य तथा योजना तर्जुमा प्रकिया ........ ६

खण्ड ४: आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरु र सम्भावित हानी नोक्सानी ........ ९

खण्ड ५: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता ........ १२

खण्ड ६: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्य योजना ........ १९

खण्ड ७: योजना कार्यान्वयन तथा मुल्याङ्कन एवं योजना अद्यावधिक कार्य ........ ३०


अनुसूची १: आपत्कालीन संपर्क नम्वर ........ ३२

धनगढी उप-महानगरपालिका राजपत्र

## खण्ड १: उप–महामगरपालिकाको संक्षिप्त परिचय

नेपालको सुदूरपश्चिम प्रदेश अन्तरगत कैलाली जिल्लामा रहेको धनगढी उप-महानगरपालिका यस प्रदेशको व्यापारिक, प्रशासकीय तथा पर्यटकीय केन्द्रबिन्दु हो । जम्मा २६१.७५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस उप-महानगरपालिकामा १९ वटा वडाहरु रहेका छन् । समुद्री सतहबाट १०९ मिटर देखि २१६ मिटरको उचाइमा अवस्थित रहेको उप-महानगरपालिकामा उपोष्ण प्रकृतिको हावापानी रहेको छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको परिवार सङ्ख्या ४४,७७९ रहेको छ भने जम्मा जनसङ्ख्या १,९८,७९२ रहेको छ । जम्मा जनसङ्ख्यामा महिलाको जनसङ्ख्या १,००,६०८ र पुरुषको जनसङ्ख्या ९८,१८४ रहेको छ । हाल सुदूरपश्चिम प्रदेशको केन्द्र समेत रहेको यस उप-महानगरपालिकामा वार्षिक जनसङ्ख्या बृद्धि दर २.८५ प्रतिशत र जनघनत्व प्रति वर्ग किलोमिटर ७५९ रहनुले यसको रणनीतिक तथा प्रशासकीय महत्व पुष्टि हुन्छ ।

**चित्र नं १ मा धनगढी उप–महानरपालिकाको वडागत भौगोलिक नक्सा दिइएको छ ।**




चित्र नं १: धनगढी उपमहानगरपालिकाको नक्सा

समथल भूआकृति रहेको यस उप-महानगरपालिकामा न्यूनतम ७ देखि अधिकतम ४५ डिग्री सेन्टिग्रेड तापक्रम मापन गरिएको छ । यहाँ औषद् रुपमा वार्षिक १,८६० मिलिमिटर वर्षा हुने गर्छ ।

## खण्ड २: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कानूनी तथा नीतिगत पृष्ठभूमि




चित्र नं २: योजना तर्जुमा गर्ने क्रममा उपयोग गरिएका सादर्भिक कानूनी तथा नीतिगत व्यवस्थाहरु

धनगढी उप-महानगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना नेपाल सरकारको विपद् व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता, सङ्घीय कानून तथा नीतिगत व्यवस्था, प्रादेशिक कानून तथा नीतिहरु र उप-महानगरपालिको विद्यमान कानून तथा नीति एवं प्राथमिकतामा आधारित रहेको छ । यस योजना तर्जुमा गर्नको लागि आवश्यक पृष्ठभूमि निर्माण गर्ने विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरुलाई संक्षिप्त रुपमा **तालिका नं १** मा प्रस्तुत गरिएको छ ।

तालिका नं १: धनगढी उप–महानगरपालिको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत आधारहरु

| | | |
|---|---|---|
| अन्तर्राष्ट्रिय प्रतिबद्धता | विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०) | सङ्घ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण सम्बन्धी प्राथमिकता उल्लेख गरिएको । |
| सङ्घीय व्यवस्था | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६६ | तत्कालीन कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रहेर नेपाल सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन मार्फत् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी प्रक्रिया तोकिएको । |
| | नेपालको संविधान, २०७२ | अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको । |
| | | अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा विपद् व्यवस्थापनलाई साझा अधिकारको सूचीमा राखिएको । |

| | | |
|---|---|---|
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) | सङ्घदेखि प्रदेश तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकिएको । |
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी गर्नुपर्ने कार्यहरू समावेश गरिएको । |
| | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ( प्रथम संसोधन, २०७५) | विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र विपद् प्रतिकार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउने सम्बन्धी व्यवस्थाहरु समावेश गरिएको । |
| | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), २०७५ | विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्ने लक्ष्य निर्धारण गरी नीतिगत तथा रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएको । |
| प्रादेशिक व्यवस्था | प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनसँग सम्बन्धित नेपाल सरकारको अन्तराष्ट्रिय प्रतिबद्धता एवं सङ्घीय कानून अनुसार प्रदेश स्तरमा कानुनी प्रावधानहरु तय गरिएको । |
| | प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ | विपद् व्यवस्थापन एवं राहत वितरण सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र जिम्मेवारी तोकिएको र राहत वितरण सम्बन्धी परिमाणात्मक व्यवस्था गरिएको । |
| | प्रदेश विपद् प्रतिकार्य ढाँचा, २०७९ (मस्यौदा) | विपद्पूर्व, विपद्को समयमा र विपद्पछि प्रभावकारी तथा समन्यात्मक ढंगले प्रतिकार्य गर्नको लागि आवश्यक दिशानिर्देश प्रस्ताव गरिएको । |
| उप-महानगरपालिका स्तरीय व्यवस्था | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७, धनगढी उप–महानगरपालिका | स्थानीय रुपमा विपद् जोखिम न्यूनीकरणको लागि नगर विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिको प्रावधान राख्दै काम, कर्तव्य र अधिकार तोकेको, सुरक्षा निकाय तथा अन्य निकायको परिचालन र विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था गरेको । |
| | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ | नगर स्तरमा हुन सक्ने सम्भाव्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि स्थापित विपद् व्यवस्थापन कोषको प्रयोग तथा परिचालन सम्बन्धी व्यवस्थाहरु समावेश गरिएको । |

## खण्ड ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य तथा योजना तर्जुमा प्रकिया

**भूमिका**

नेपाल सरकार, गृह मन्त्रालयद्धारा २०७२ सालमा प्रकाशित विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावलीमा परिभाषित गरिए अनुसार विपद्जन्य आपत्कालीन अवस्था वा सङ्कट भन्नाले त्यस्तो त्रासपूर्ण अवस्थालाई जनाउँछ जतिबेला जनधनको रक्षाको लागि तत्काल कदम चालिनु अपरिहार्य हुन्छ । प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यले प्रकोपको घटनालाई वृहत विपद्को घटनामा परिणत हुनबाट रोक्दछ र विपद्को असर कम गर्छ । आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाले आपत्कालीन अवस्थाका आवश्यकता पूरा गर्न उप-महानगरपालिका स्तरीय सरकारी, गैरसरकारी, स्वयंसेवी र निजी क्षेत्रलाई विस्तृत र संयोजित रुपले सहभागी गराउन मार्ग निर्देशन प्रदान गर्छ ।

**लक्ष्य**

- आपत्कालीन अवस्थालाई प्रभावकारी र समन्वयतात्मक रुपमा व्यवस्थापन गर्न सक्षम बनाउने ।

**उद्धेश्य**

- आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोप र आपत्कालीन जोखिम सामना गर्ने क्षमता विश्लेषण गर्ने ।
- आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि विद्यमान संरचनाहरु अनुसार जिम्मेवारी स्पष्ट पार्ने ।
- पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित प्राथमिक र सामाजिक रुपमा समावेशी प्रकृतिका क्रियाकलापहरु कार्यान्वयन गर्ने ।
- आपत्कालीन अवस्थामा गर्नुपर्ने पूर्वतयारी र प्रतिकार्यसँग सम्बन्धित कार्य सञ्चालन विधि तय गर्ने ।

**सीमा**


सङ्घीय, प्रादेशिक तथा स्थानीय कानून एवं नीतिगत व्यवस्था अनुसार धनगढी उप-महानगरपालिकाले विपद् व्यवस्थापन चक्रका सबै चरणहरु समावेश गरी स्थानीय विपद् तथा जलवायु उथ्थानशील योजना, जोखिम सम्वेदनशील भू–उपयोग योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जस्ता नीतिगत व्यवस्था गर्नु पर्ने भए पनि यस योजना आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यमा मात्र केन्द्रित रहेको छ । पूर्वतयारी तथा प्रतिकार्यले समेट्ने क्षेत्र **तालिका नं २** अनुसार परिभाषित गरिएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

तालिका नं २: पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी परिभाषा

| | |
|---|---|
| **पूर्वतयारी** | सम्भावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, पेशागत/व्यवसायिक प्रतिकार्य तथा पुनर्लाभ संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता । |
| **प्रतिकार्य** | विपद् घटना भइरहेको बेला र तत्काल घटना पश्चात् मानिसको जीवनरक्षा गर्न, मानव स्वास्थ्यमा पर्न सक्ने असरहरूलाई न्यून गर्न र आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन एवं प्रभावित व्यक्ति वा समुदायका लागि आधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपत्कालीन सेवाहरू र सार्वजनिक सहायताका व्यवस्थाहरू ।<br><br>विपद् प्रतिकार्य मूलतः तत्काल एवं अल्पकालीन आवश्यकताहरूमा केन्द्रित रहन्छ । कहिलेकाहिँ यसलाई “विपद् राहत” पनि भनिन्छ । |
| | **श्रोत:विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावली, गृह मन्त्रालय, नेपाल सरकार, बिसं २०७२** |

**योजना तर्जुमा प्रक्रिया: ।**
योजना तर्जुमा प्रक्रियालाई **चित्र नं ३** द्वारा प्रस्तुत गरिएको छ ।




चित्र नं ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी प्रक्रिया

पुनरावलोकन गरिएका कानूनी तथा नीतिगित व्यवस्था यस योजनाको खण्ड १ अन्तरगत **तालिका नं १** मा प्रस्तुत गरी सकिएको छ । योजना तर्जुमा गर्ने क्रममा उप–महानगरपालिकाका जनप्रतिनिधि, प्रमुख

प्रशासकीय अधिकृत, विषयगत शाखा, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ, प्रदेश मन्त्रालयहरु, गैर सरकारी संस्था तथा राष्ट्र सङ्घीय निकायका प्रतिनिधिसँग परामर्श गरी प्राप्त सुझावलाई समायोजन गरिएको छ ।

यसका साथै उप-महानगरपालिका स्तरीय सरोकारवालाहरुसँग गोष्ठी आयोजना गरी यस योजना तर्जुमा सम्बन्धी संयुक्त रुपमा राय सुझाव लिइएको थियो । आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी सम्बन्धी सहजीकरण गर्न विपद् शाखाको समन्वयमा उप-महानगरपालिका विषयगत शाखा, नीजि क्षेत्र ( उद्योग वाणिज्य सङ्घ), नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्था र राष्ट्र सङ्घीय निकायका प्रतिनिधि समेत समावेश गरी एउटा टोली पनि गठन गरिएको थियो र सो टोलीले मस्यौदाहरु माथि छलफल गरी योजनामा आवश्यक परिमार्जन गरिएको थियो । मस्यौदामाथि कार्यपालिका, सबै वडाका वडा अध्यक्ष वा वडा स्तरीय विपद् व्यवस्थापन समितिका संयोजक र उप-माहनगरपालिकाका विषयगत महाशाखा तथा शाखाका कर्मचारीबाट आवश्यक सल्लाह तथा सुझाव लिई यस योजनालाई अन्तिम रुप दिइएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## खण्ड ४: आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरु र सम्भावित हानी नोक्सानी

### ४.१ आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्राथमिक प्रकोपहरु

२०७९ सालमा अद्यावधिक गरिएको जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ मा तयार गरिएको धनगढी उप–महानगरपालिका स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा, २०७९ मा युएनडिपीको सहयोगमा भूकम्पको सम्भावित प्रभाव विश्लेषण सम्बन्धी अनुसन्धान एवं यस योजना तर्जुमा गर्ने क्रममा भएका सरोकारवालाहरुसँगको छलफल र उप-महानगरपालिकाका सबै वडाबाट प्राप्त विवरणलाई विश्लेषण गर्दा उप-महानगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्राथमिक प्रकोपहरु यस प्रकार रहेका छन् ।

- भूकम्प
- बाढी, डुवान तथा कटान
- आगलागी
- हावाहुरी
- सडक दुर्घटना
- महामारी
- बन्यजन्तु तथा मानव बीचको द्वन्द
- शीतलहर
- तातो हावा
- चट्याङ्ग
- असिना
- सर्पदंश

भूकम्प, बाढी र डुवान एवं कटान, आगलागी हावाहुरी, महामारी, तातो हावा, शीतलहर र चट्याङ्गबाट उप–महानगरपालिकाका सबै वडाहरु जोखिममा रहेका छन् । यद्यपि मोहना नदी, शिवगंगा नदी, खुटिया नदी, सुकुटी खोला, धुरही नदी, नरवा खोला, घुराहा खोला, झलारी नाला, कैलाली नाला, सुकुटी नाला, आदि खोलानाला भएका क्षेत्र बाढी, डुवान र कटानबाट वढी प्रभावित हुने गर्छन् । आगलागीबाट पनि नगरका प्राय सबै क्षेत्र जोखिममा रहेका छन् । बन क्षेत्र आसपासका वडाहरु विशेष गरी वडा नं ३, ६, १७, १८ र १९ बढी जोखिममा रहेका छन् । सडक दुर्घटना बाट नगरका प्राय सबै क्षेत्र जोखिममा भएपनि शहरी क्षेत्रका वडाहरु बढी जोखिममा रहेका छन् ।

### ४.२ विपद्बाट भएको र हुन सक्ने क्षति तथा नोक्सानी

नेपाल सरकारको गृह मन्त्रालयबाट प्रारम्भ गरिएको र हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समन्वय गरिएको विपद् सूचना व्यवस्थापन प्रणाली विपद् पोर्टल ( https://bipadportal.gov.np) मा उप-महानगरपालिकामा २०७५ देखि २०७८ भएका विपद्का घटना र त्यसबाट भएको क्षति सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

- जम्मा विपद्का घटनाको सङ्ख्या: ६३
- प्रकोप अनुसार विपद्का घटनाको सङ्ख्या:
    - आगलागी: ४९
    - हावाहुरी: ६

धनगढी उप महानगरपालिका राजपत्र

- बाढी तथा अत्याधिक वर्षा: ४
- डढेलो: ३
- चट्याङ्ग: १

- विपद्बाट भएका मृतकको सङ्ख्या: ७
- साल अनुसार मृतकको सङ्ख्या
    - २०७५: १
    - २०७६: ३
    - २०७७: २
    - २०७८: १
- विपद् अनुसार मृतकको सङ्ख्या
    - आगलागी: ४
    - हावाहुरी: २
    - चट्याङ्ग: १
- साल अनुसार आर्थिक क्षति (रुपैया)
    - २०७५: १० करोड
    - २०७६: १० करोड ६८ लाख
    - २०७७: ७७ करोड ८५ लाख
    - २०७८: ५ करोड ४४ लाख

माथिको विवरण हेर्दा उप–महानगरपालिका स्तरमा घटेका सबै घटनाको अभिलेखीकरण भएको देखिँदैन । उदाहरणको लागि एकै साल आगलागीका ६० भन्दा बढी घटनाहरु घटेका हुन्छन् । आगामी दिनहरुमा सबै विपद्का घटनाको सङ्ख्या र त्यसबाट भएको मानवीय तथा आर्थिक क्षतिको विवरण स्थानीय आपत्कालीन कार्य सञ्चानलन केन्द्रमा एकत्रित गर्न आवश्यक देखिन्छ ।


नेपाल भूकम्पका हिसावले उच्च जोखिम क्षेत्रमा रहेको र विगतका केही वर्षमा नेपालको पश्चिम क्षेत्रमा वारम्वार भूकम्पका साना ठूला कम्पनहरु मापन गरिएको र भूगर्भिय अध्ययन तथा विगतका भूकम्पका घटनाहरुलाई आधार मान्दा यस क्षेत्रमा भूकम्पको जोखिम रहेको देखिन्छ ।

भूकम्पीय प्रकोप विश्लेषणका विधिहरुको प्रयोग र बेलायतको दुर्हाम विश्वविद्यालयले गरेको अध्ययनलाई आधार मानी २०७९ सालमा युएनडिपीले गरेको अनुसन्धानले धनगढी उप–महानगरपालिका भूकम्पको दृष्टिकोणले जोखिममा रहेको देखिन्छ । भूकम्पबाट धनगढीमा हुन सक्ने क्षति आंकलन गर्न सन् १५०५ को पश्चिम नेपालको ८.४ रेक्टर स्केल र सन् १९३४ को बिहार नेपालको ८.४ रेक्टर स्केलको भूकम्पलाई एउटा आधार र बि. सं. २०७२ को ७.८ रेक्टर स्केलको गोर्खा भूकम्पलाई अर्को आधार मानिएको विश्लेषणले नगर क्षेत्रमा हुन सक्ने क्षति यस अध्ययनमा औंल्याइएको छ । पहिलो आधारबाट हुन सक्ने क्षति लेखाजोखा गर्न भूकम्पको केन्द्रबिन्दु पश्चिम नेपालको मध्य क्षेत्रमा अनुमान गरिएको छ । दोस्रो

धनगढी उप-महानगरपालिका राजपत्र

आधारबाट हुन सक्ने क्षति लेखाजोखा गर्न भूकम्पको केन्द्रबिन्दु पश्चिम रुकुम क्षेत्रमा अनुमान गरिएको छ । **चित्र नं ३** मा पहिलो र दोस्रो आधार अनुसार भूकम्पको केन्द्रबिन्दु देखाइएको छ ।

पहिलो आधार दोस्रो आधार




**चित्र नं ३: भूकम्पको पहिलो र दोस्रो आधारको सम्भावित केन्द्रबिन्दु**

यस अध्ययन अनुसार पछिल्लो जनगणना अनुसार क्षतिमा केही फरक पर्न सक्ने भएपनि २०६८ को जनगणनालाई आधार मानी धनगढी उप–महानगरपालिकाको भूकम्पका सम्भावित आधारहरु अनुसारको क्षति तालिका नं ३ मा उल्लेख भएअनुसार प्रक्षेपण गरिएको छ ।

**तालिका नं ३: पहिलो तथा दोस्रो आधारमा भूकम्पबाट हुन सक्ने हानी नोक्सानी भार**

| **क्षति विवरण** | **पहिलो आधार (८.४ रेक्टर स्केल)** | **दोस्रो आधार (७.८ रेक्टर स्केल)** |
|---|---|---|
| क्षति हुने भवनको संख्या | २,४६८ | ३९ |
| मानवीय क्षति | | |
| *रातको समयमा* | १,१६८ | ४१ |
| *बिदा नभएको दिनको समयमा* | ७७३ | २७ |
| *बिदाको दिनमा* | ५२३ | २० |
| घाइतेको संख्या | | |
| *रातको समयमा* | ४,७३१ | १८३ |
| *बिदा नभएको दिनको समयमा* | ३,०५७ | ११४ |
| *बिदाको दिनमा* | ४,७३१ | १८३ |

### ४.३ आपत्कालीन अवस्थामा बढी प्रभावित हुने जोखिममा रहेका र सङ्कटासन्न समूह

आपत्कालीन अवस्थामा महिला वा पूरुष, आर्थिक रुपले सम्पन्न वा बिपन्न, बालबालिका वा ज्येष्ठ नागरिक, अपाङ्गता भएका वा नभएका व्यक्ति, वहुसङ्ख्यक वा अल्पसङ्ख्यक समूह सबै प्रभावित हुन्छन् । तर पनि यी समूहरुमा सबैलाई एकै स्तरको प्रभाव भने पर्दैन । हरेक आपत्कालीन अवस्थामा पुरुषभन्दा महिला, बालक भन्दा बालिका बढी प्रभावित हुन्छन् । उमेर, अपाङ्गता, लैङ्गिक तथा यौनिक पहिचान, जात, जातियता तथा धर्मका कारण आपत्कालीन अवस्थामा बढी प्रभाव पर्न सक्छ । महिला, एकल महिला, महिला घरमुली भएका परिवार, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विपन्न वर्गका समुदाय, आदि बढी जोखिममा र सङ्कटासन्न अवस्थामा रहन्छन् ।

## खण्ड ५: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता तथा आवश्यकता विश्लेषण

आपत्कालीन अवस्थामा जनधनको क्षति कम गर्न विभिन्न प्रकारका आवश्यक कानूनी, नीतिगत, संरचनागत, अभ्यासात्मक तथा सम्बन्धित अन्य प्रावधानहरुको कार्यान्वयन भएको हुनुपर्छ। **आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी** उप-महानगरपालिकाको क्षमता तथा आवश्यकता विश्लेषणलाई वस्तुगत रुपमा तलको **तालिका नं ४** मा प्रस्तुत गरिएको छ।

**तालिका नं ४: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी धनगढी उप-महानगरपालिकाको क्षमता तथा आवश्यकता विश्लेषण**

| क्षमताको क्षेत्र | विवरण |
|---|---|
| जनप्रतिनिधि तथा कर्मचारीहरुबीच आपत्कालीन अवस्था निम्त्याउने प्रकोप, प्रकोप लेखाजोखा र विपद् व्यवस्थापन एवं भूमिका माथि अभिमुखिकरण | यससँग सम्बन्धी कार्यहरु प्रारम्भ भएका छन्। विभिन्न सहयोगी सङ्घ संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठीको क्रममा उप-महानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा नगर एवं वडा स्तरीय विपद् व्यवस्थापन समिति एवं कार्यपालिका सदस्यहरुलाई आधारभूत अभिमुखिकरण गरिएको छ। तर पनि यी विषयहरुमा थप तालिम तथा सिकाइको आवश्यकता रहेको छ। |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नियमित तथ्याङ्क सङ्कलन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना भए पश्चात् नगरमा भएका प्रकोप तथा विपद्का घटना र त्यसबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन गर्ने अभ्यास भएको छ। स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट प्रकोपको घटना सम्बन्धी विवरण जिल्ला, प्रदेश स्तरीय र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने गरिएको छ। यस अभ्यासलाई निरन्तरता दिँदै जानु पर्छ। यसका साथै तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिकता, उमेर, जातजाती, अपाङ्गता, आदि पक्षहरुलाई आधार मानी खण्डीकृत सूचना सङ्कलन गर्न आवश्यक देखिन्छ। |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नक्साङ्कन तथा पहुँचयोग्य प्रचार प्रसार | विभिन्न सङ्घ संस्थाहरुले आफ्नो कार्यक्रम तर्जुमा गर्ने क्रममा केही वडाको मात्र प्रकोप नक्साङ्कन गरेका छन्। हाल युएनडिपीको कार्यक्रम अन्तरगत सबै वडाहरुको प्रकोप नक्साङ्कन गर्ने कार्यहरु भएका छन्। यद्यपि सहयोगी संस्थाको कार्यक्रम सञ्चालन हुने वडा बाहेक अन्य वडामा प्रकोप नक्साङ्कन सम्बन्धी प्रचार प्रसार गर्न आवश्यक देखिएको छ। सबै वडाको प्रकोपको नक्सा तयार भएपछि सार्वजनिक स्थलहरु (जस्तै चोक, नगर तथा वडा कार्यालय, विद्यालय, अस्पताल, बस पार्क, आदि) मा यी नक्साहरु राखी सबैलाई जानाकारी दिनु आवश्यक हुन्छ। यसका साथै यस प्रकारको सूचना पहुँचयोग्य बनाउन जरुरी हुन्छ। उदाहरणको लागि दृष्टिविहिन तथा ज्येष्ठ नागरिकहरुले पनि प्रकोपको नक्साङ्कनमा उल्लेख भएका सूचनाहरु थाहा पाउने व्यवस्था गरिएको हुनु पर्छ। |
| प्रकोप पात्रो अनुसार आपत्कालीन पूर्वतयारी सम्बन्धी | विभिन्न प्रकोपहरु वारे जनचेतना अभिवृद्धि गर्न सन्देशहरु स्थानीय एफएम रेडियोबाट प्रचार प्रसार गर्ने अभ्यास रहेको छ। वढी जोखिममा रहेका क्षेत्रमा वडा स्तरीय विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाल रेडक्रस |

| | |
|---|---|
| पहुँचयोग्य सन्देशहरुको प्रचार प्रसार तथा जनचेतना कार्यक्रम | सोसाइटी तथा अन्य सङ्घ संस्थाको सहयोगमा जनचेतनामुलक कार्यक्रमहरु पनि सञ्चालन गर्ने अभ्यास रहेको छ। तर सबै वडा तथा बस्तीहरु समेट्न सकिएको छैन । यसका साथै सबै सङ्कटासन्न तथा जोखिममा रहेका समूहलाई लाभ पुग्ने गरी प्रकोप सम्बन्धी सन्देशहरु तयार गर्ने र प्रचार प्रसार गर्ने कार्यमा केन्द्रित हुन आवश्यक देखिन्छ। |
| मौसम पूर्वानुमान सम्बन्धी सूचनाको पहुँच तथा प्रचार प्रसार | जल तथा मौसम विज्ञान विभागले मौसम सम्बन्धी उपलब्ध गराएको पूर्वानुमान जानाकारी समयमा नै समुदायमा सम्प्रेषण गरिएको कारण गत वर्ष बाढीबाट कृषि बालीमा हुनसक्ने क्षति कम भएको थियो । यद्यपि समुदायमा र विशेष गरी सङकटासन्न र जोखिममा परेका व्यक्तिहरुले मौसम सम्बन्धी जानाकारी नियमित रुपमा नपाएको देखिन्छ । अतः आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको वारेमा उपलब्ध हुने जानाकारी समुदायका सबै वर्ग र समूहमा पुऱ्याउन र पूर्वतयारीका कार्यहरु गर्न थप आवश्यक देखिन्छ। |
| आपत्कालनि अवस्थामा संरक्षण सम्बन्धी बुझाई | सामाजिक विकास शाखाका कर्मचारीहरुमा विकासका नियमित कार्यक्रममा र आपत्कालीन अवस्थामा संरक्षण सम्बन्धी पर्याप्त बुझाई रहेको छ। अन्य विषयगत क्षेत्रका कर्मचारीहरु तथा जनप्रतिनिधिलाई पनि आपत्कालीन अवस्थामा संरक्षण सम्बन्धी सवालहरुको (यौन हिंसा तथा दुव्यवहार) वारेमा साधारण जानाकारी रहेको छ । तर पनि आपत्कालीन अवस्थामा यौन शोषण तथा दुर्व्यवहारबाट बालबालिका लगायत सबै मानिसहरूको उमेर, लैङ्गिकता, योग्यता, संस्कृति, जात/जातीयता, उद्गम, धार्मिक आस्था, यौन पहिचान, वा अन्य व्यक्तिगत विशेषताहरू जेजस्तो भएपनि, उनीहरू सबैको संरक्षण पाउने अधिकार समान छन् भन्ने विषयमा अझ धेरै निर्देशिका, मार्गदर्शन तथा तालिमको आवश्यकता रहेको छ। आपतकालीन पूर्वतयारी र प्रतिकार्यका चरणहरूमा, सम्भावित यौन शोषण तथा दुर्व्यवहारका जोखिमहरू कम गर्न, रोकथाम र जवाफदेहिताका लागि पर्याप्त र प्रभावकारी संयन्त्रहरू विकास गर्न एवं पूर्वतयारी तथा प्रतिकार्यको क्रममा संरक्षणसँग केन्द्रित भएर अनुगमन गर्नुपर्ने हुन्छ। |
| स्वयंसेवक परिचालन तथा स्वयंसेवी संस्थाको क्षमता अभिवृद्धि | आपत्कालनि अवस्थामा सबैभन्दा पहिले प्रतिकार्यमा खटिने भनेका समुदायका सदस्यहरु नै भएकोले समुदायमा रहेका स्वयंसेवी संस्थाहरु जस्तै युवा क्लब, टोल विकास समिति, गुठी, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका वा अन्य स्वयंसेवी सङ्घसँस्थाको परिचालन गर्ने सम्बन्धी तयारीहरु आवश्यक हुन्छन् । उप-महानगरपालिकामा विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भै स्वीकृति हुने क्रममा छ। युएनडिपी तथा रेडक्रस जस्ता संस्थाका परियोजना मार्फत् केही वडामा स्वयंसेवकहरुलाई तालिम पनि प्रदान गरिएको छ। चाँडै नै विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिकालाई स्वीकृत गरी कार्यान्वयन गर्ने र स्वयंसेवकहरुलाई लेखाजोखा, प्राथमिक उपचार, आगलागी नियन्त्रण, आदि विषयमा क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको छ। |
| प्रकोप, विपद् तथा | उप-महानगरपालिकाले प्रकोप, विपद् तथा आपत्कालीन अवस्थासँग |

| | |
|---|---|
| आपत्कालीन अवस्थासँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | सम्बन्धित विभिन्न कानून तथा नीतिहरु तर्जुमा गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन लागू भएको, विपद् व्यवस्थापन कोषको स्थापना तथा त्यस सम्बन्धी परिचालन कार्यविधि स्वीकृत भएको, विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको, आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना एवं नगर स्तरीय राहत मापदण्ड पनि तर्जुमा गरिएका छन् । यी कानूनी तथा नीतिहरुमा आम नगरवासीका साथसाथै सङ्कटासन्न तथा जोखिममा रहेका समूहको प्राथमिकताहरु पनि उल्लेख गरिएका छन् । यसका साथै भवन निर्माण मापदण्ड पनि पालना गर्ने प्रयास भएको छ । यद्यपि तर्जुमा गरिएका कानून, निर्देशिका तथा मापदण्ड एवं योजनालाई कार्यान्वयन गर्न आवश्यक देखिएको छ र यस क्रममा सङ्कटासन्न तथा जोखिममा रहेका समूहका आवश्यकताहरुलाई कार्यान्वयन गर्न विशेष प्रयास आरम्भ गर्नुपर्ने देखिन्छ । उदाहरणको लागि नगर वा वडा स्तरीय विपद् व्यवस्थापन समितिले तोकेका सदस्यमा सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्ति वा समूहका प्रतिनिधि समावेश गर्न तर्फ ध्यान दिनुपर्छ ।<br><br>यसका साथै खोज तथा उद्धार सम्बन्धी मार्गदर्शन, आपत्कालीन अवस्थामा भग्नावशेष व्यवस्थापन निर्देशिका, राहत वितरण सम्बन्धी मापदण्ड, जोखिम सम्बेदनशील भू-उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना जस्ता नीतिगत व्यवस्था पनि गर्न आवश्यक देखिएको छ । जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग सामञ्जस्यता हुने गरी उप-महानगरपालिकाको मस्यौदा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई पनि अन्तिम रुप दिई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिएको छ । विपद् तथा आपत्कालीन व्यवस्थापन कार्यमा विभिन्न संस्थागत संरचना भएपनि यी निकाय बीचको सम्बन्ध तथा जिम्मेवारीहरु स्पष्ट गर्ने कर्यलाई पनि प्राथमिकताका राख्नु पर्छ । यस योजनामा त्यस सम्बन्धी सांगठनात्मक व्यवस्था उल्लेख गरिएको छ । |
| आपत्कालीन अवस्थाको व्यवस्थापनसँग सम्बन्धित आवश्यक समितिहरुको गठन तथा परिचालन | उप-महानगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा नगर विपद् व्यवस्थापन समिति र वडा अध्यक्षहरुको संयोजकत्वमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसका साथै कार्यपालिकामा पनि वातावरण तथा विपद् व्यवस्थापन समित गठन गरिएको छ । यी समितिहरुको बैठक आपत्कालीन अवस्थामा धेरै र तथर्त रुपमां कानून, नीति र योजना तर्जुमा गर्ने क्रममा मात्र बस्ने भएकोले यी समितिहरुको नियमति रुपमा बैठक गराई आपत्कालीन अवस्थासँग सम्बन्धित छलफल गराउने र तोकिएको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रहेर जिम्मेवारीहरु निभाउने प्रयासको आवश्यकता देखिएको छ । |
| वार्षिक नीति तथा कार्यक्रममा आपत्कालीन पूर्वतयारी तथा | आपत्कालीन कोषको स्थापना भएको र आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको वारेमा सञ्चार सामाग्रीको प्रचार प्रसार शुरु भएको, बारुण यन्त्रको परिचालन गरिएको, विपद् व्यवस्थापन शाखाको स्थापना भएको, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी परिचालन |

| | |
|---|---|
| प्रतिकार्य सम्बन्धी कार्यक्रम र वजेट व्यवस्था | गरिएको जस्ता कार्यहरु प्रारम्भ भएको अवस्थामा वार्षिक नीति तथा कार्यक्रममा थप कार्यहरु समावेश गर्ने र वजेट विनियोजन गर्ने काममा अझ अग्रगामी प्रयासको आवश्यकता देखिन्छ । |
| उप-महानगरपालिकाका विषयगत महाशाखा तथा शाखा र सघन सेवा प्रदायकहरुमा विपद् व्यवस्थापन सम्बन्धी जिम्मेवारीहरुको स्पष्टता | विपद् पश्चात् उप-महानगरपालिकाका विषयगत महाहाखा तथा शाखाका कर्मचारीहरु प्रतिकार्यमा खटिने गरेका छन् । यद्यपि पूर्वतयारीमा यी विषयगत महाशाखा र शाखाहरुलाई थप परिचालनको आवश्यकता देखिएको छ । यसका साथै नगर क्षेत्रमा रहेका अस्पताल तथा विद्यालयमा पनि आपत्कालीन अवस्थाको व्यवस्थापन गर्न विशेष समिति वा कार्यटोली गठन गर्न सकिएको छैन । आपत्कालीन अवस्थामा घाइतेहरुको व्यवस्थापन गर्न, स्वास्थ्यसँग सम्बन्धित रिफरल सेवाहरु प्रवाह गर्न, विद्यालयमा अस्थायी शैक्षिक विधिहरु अप्नाउने सम्बन्धी आपत्कालीन शिक्षा प्रवर्धन गर्न थप तालिम, संस्थागत संरचना तथा कार्यविधि आवश्यक रहेका छन् । |
| विषयगत क्षेत्रमा सहभागिता तथा आपत्कालीन कार्यटोलीको गठन तथा परिचालन | हालसम्म मानवीय क्षेत्रमा काम गर्ने निकायहरु समावेश गरी तय गरिएका विषयगत क्षेत्रमा उप-महानगरपालिकाको सहभागिता न्यून रहेको र उप-महानगरपालिकामा कार्यटोलीहरु गठन नभएको अवस्थामा उप-महानगरपालिकाले आपत्कालीन अवस्थामा विषयगत क्षेत्र तथा कार्यटोलीहरुको बैठकहरुमा उपस्थित भई उप-महानगरपालिकाले पूर्वतयारी तथा प्रतिकार्यमा गरेका काम, प्रतिकार्यको लागि थप आवश्यकता र समन्वयमा एकद्धार प्रणालीको वारेमा जानाकारी दिनुपर्ने अभ्यासलाई कार्यान्वयन गर्नुपर्ने देखिएको छ । यस क्रममा आपत्कालीन अवस्थामा प्रभावित भएका सबै र सङ्कटासन्न तथा जोखिममा रहेका समूहका विशेष आवश्यकतालाई ध्यान दिनुपर्ने हुन्छ । खोज तथा उद्धार, प्राथमिक उपचार, राहत वितरण, आदिमा सङ्कटासन्न तथा जोखिममा रहेका समूहका सवालहरुको अवस्थामाथि विशेष ध्यान दिई विषयगत क्षेत्रलाई बाधा तथा अवरोध हटाई यी समूहका आवश्यकताहरुलाई ध्यान दिनुपर्ने विषयलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । |
| राहत तथा तत् पश्चात्का मानवीय कार्यमा निजी क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन | उप-महानगरपालिकाको निजी क्षेत्रको छाता संगठन उद्योग बाणिज्य सङ्घ, राष्ट्र सङ्घीय निकाय, नेपाल रेडक्रस सोसाइटी र अन्य गैर सरकारी निकायसँग समन्वय गरी मानवीय सहायता उपलब्ध गराउने परम्परा भएपनि यी निकायसँग योजनाबद्ध रुपमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने तर्फ उल्लेख्य प्रयासको आवश्यकता रहेको छ । मानवीय सहायता गर्ने संस्था तथा निजी क्षेत्रसँग सहमति गरी आपत्कालीन अवस्थामा सबैको भूमिका स्पष्ट पार्नु पर्ने देखिएको छ । उद्योग वाणिज्य सङ्घ सँगको समन्वयमा राहत वितरणको लागि वजारमा भएको खाद्यान्न तथा गैर खाद्यान्य बस्तुको उपलब्धता एवं सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्तिको आवश्यकता अनुसारका सामाग्री भए नभएको लेखाजोखा गर्न आवश्यक देखिन्छ । यसका साथै आपत्कालीन अवस्थामा निजी क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन सम्बन्धी व्यवस्था गरिनु आवश्यक हुन्छ । |
| सघन सेवा प्रदायक निकाय तथा | भौतिक संरचनामा सबलीकरण प्रयास प्रारम्भ भएपनि नगर स्तरमा विस्तार गर्न सकिएको छैन । अति महत्वपूर्ण संरचना (विद्यालय, अस्पताल, |

| | |
|---|---|
| संरचनामा सबलीकरण तथा पूर्वतयारी | सामुदायिक भवन, सरकारी सेवा कार्यालयहरु, आदि) मा सबलीकरण कार्य प्रारम्भ भएपनि थोरै क्षेत्र समेटिएकोले सबलीकरणलाई व्यापकता दिनुपर्ने, आगलागी नियन्त्रणको लागि फायर हाइड्रेन्ट, धुवाँको संकेत गर्ने र आगलागी सम्बन्धी जनाऊ दिने उपकरण जडान गर्नुपर्ने, र चट्याङ्गबाट हुने जोखिम नियन्त्रण गर्न भीडभाड हुने क्षेत्रमा एरेस्टरको व्यवस्था गर्ने कार्यमा विशेष प्राथमिकता दिनुपर्ने देखिएको छ । भूकम्पको जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धमा निर्माण व्यवसायीको समन्वयमा मजदुरहरुलाई तालिम गर्नुपर्ने र निर्माण तथा सबलीकरण कार्यमा परिचालन गर्नुपर्ने र निर्माण कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँच सम्बन्धी व्यवस्था सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यसका साथै मनसुन पूर्व नै ढल तथा पानी बग्ने स्थानहरुको सफाइमा पनि विशेष ध्यान दिन आवश्यक रहेको छ । सडक सुरक्षा सुनिश्चित गर्न नगर प्रहरी तथा ट्राफिक प्रहरीको परिचालन गर्न र सडक सुरक्षा सम्बन्धी जनचेतनामुलक कार्यहरु गर्न पनि उत्तिकै आवश्यक देखिएको छ । |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपसँग सम्बन्धित सरोकारवालाहरुको लगानी बृद्धि | आपत्कालीन अवस्थामा जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विभिन्न निकायको भूमिका भएपनि सबै निकाय तथा सरोकारवालाहरुलाई परिचालन गर्न थप कार्य गर्नु पर्ने देखिएको छ । उप-महानगरपालिकाका विषयगत शाखाका प्राथमिकताहरुमा आपत्कालीन अवस्थामा गर्नुपर्ने कार्यहरुको समायोजन, निजी क्षेत्रका एम्बुलेन्सलाई परिचालन गर्ने सम्बन्धी सहमती, निजी क्षेत्रलाई आपत्कालीन अवस्थामा सामाग्रीको आपूर्ति सम्बन्धी लेखाजोखा, दातृ निकाय तथा सहयोगी संस्थालाई आपत्कालीन अवस्थामा गर्न सक्ने योगदानको विश्लेषण एवं आगलागी नियन्त्रणको लागि आवश्यक दमकलको व्यवस्था एवं तालिमको लागि नेपाल विद्युत प्राधिकरण, नेपाल आयल निगम तथा नेपाल प्रहरीमा पनि दमकलको व्यवस्था गर्ने सम्बन्धी छलफल र छलफलको आधारमा उपयुक्त व्यवस्थापनको लागि प्रयासहरु आवश्यक देखिएका छन् । |
| पूर्वानुमानका आधारमा अग्रिम रुपमा राहत व्यवस्था | जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराएको मौसम पूर्वानुमान अनुसार समुदायलाई सम्भावित प्रकोपको वारेमा जानाकारी उपलब्ध गराउने प्रयास भएको छ । मानवीय सहायता तथा विपद्का क्षेत्रमा काम गर्ने केही अन्य संस्थाले (जस्तै विश्व खाद्य कार्यक्रम) पनि पूर्वानुमानका आधारमा अग्रिम रुपमा राहत व्यवस्था गने प्रयास गरेका छन् । उप-महानगरपालिकामा यस प्रकारको कार्य गर्न श्रोतको पर्याप्त व्यवस्था नभए पनि यस सम्बन्धी छलफल आवश्यक देखिएको छ । |
| जोखिम हस्तान्तरण | जोखिम हस्तान्तरणको लागि उप-महानगरपालिकाले नगरबासीहरुलाई उत्प्रेरित गरेपनि बाली बीमा, पशु बीमा, घर (भवन) बीमा र व्यवसाय बीमा लाई प्राथमिकतामा राखेको पाइदैन । अत, बीमा सम्बन्धी जनचेतना कार्यक्रम र बीमा सम्बन्धी चूनौतिहरुको वारेमा छलफल गरी व्यवधानहरु पहिचान गर्दै र व्यवधानको समाधानका विकल्प खोज्न उपयुक्त देखिएको छ । यसको लागि सरकोकारवालाहरुसँग छलफल तथा सुझाव लिई |

| | |
|---|---|
| | समुदायलाई मार्गदर्शन दिने तर्फ प्राथमिकता दिन आवश्यक देखिएको छ। |
| आपत्कालीन भण्डारण तथा खरिद व्यवस्था | उप-महानगरपालिकामा आपत्कालीन अवस्थामा राहत प्रदान गर्न पर्याप्त क्षेत्र भएको राहत सामाग्री भण्डारण कक्ष रहेको छैन। ठूलो स्तरको विपद्को समयमा राहत सामाग्री भण्डारण गर्न सक्ने अवस्था पनि छैन। आपत्कालीन अवस्थामा खरिद गर्न सक्ने व्यवस्था उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा उल्लेख गरेपनि यस सम्बन्धी प्रक्रिया आवश्यक परेमा लागू गर्नुपर्ने देखिन्छ। अतः आपत्कालीन भण्डारण कक्षको निर्माण तथा खरिद नियम सम्बन्धी व्यवस्थापन गर्न आवश्यक प्रक्रिया प्रारम्भ गर्नु पर्ने देखिएको छ। |
| पहुँचयोग्य निर्माण | उप-महानगरपालिकामा बन्दै गरेका संरचनाहरु अपाङ्गता मैत्री बन्नुपर्नेमा कानूनी तथा नीतिहरुमा जोड दिइएको छ। यद्यपि, आपत्कालीन अवस्थामा ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको छलफल तथा राहत सम्बन्धी निर्णय प्रक्रियामा उनीहरुको सहभागिता तथा सुझाव एकिकृत गर्ने तर्फ सङ्कटासन्न तथा जोखिममा परेका समूहसँग छलफल गरी पृष्ठपोषण लिन जरुरी देखिन्छ। |
| खुल्ला स्थानको छनौट, आपत्कालीन सेवा सम्बन्धी लगानी र तत् सम्बन्धी पूर्वतयारी | उप-महानगरपालिकामा आपत्कालीन अवस्थामा नगरबासीहरु विस्थापित भएमा अस्थायी रुपमा बस्ने खुल्ला स्थानको पहिचान गरिएको छ। तर पनि पहिचान गरिएको स्थानहरुको थप विश्लेषण आवश्यक देखिन्छ। आपत्कालीन अवस्थामा विस्थापित हुने स्थानको पुनरावलोकन गर्ने, सुरक्षित स्थानमा पुग्न सुरक्षित तथा पहुँचयोग्य मार्गको पहिचान गर्ने, आपत्कालीन अवस्थामा खुल्ला स्थानमा आवश्यक सेवा सम्बन्धी संरचना तयार गर्ने, आदि कार्यहरु सम्पन्न गर्नुपर्ने देखिएको छ। |
| आपत्कालीन जिम्मेवारी स्पष्ट पारिएको ढाँचा | नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक आपत्कालीन अवस्थामा भएपनि नियमित गर्ने विषयमा उप-महानगरपालिका प्रतिबद्ध रहेको छ। तर पनि बिद्यमान सबै संरचनाहरुको आधारमा आपत्कालीन अवस्थामा निर्वाह गर्नुपर्ने जिम्मेवारीहरु थप स्पष्ट गर्नु आवश्यक देखिन्छ। आपत्कालीन अवस्थामा आपत्कालीन कार्य सञ्चालन केन्द्रले सचिवालयको भूमिका निर्वाह गर्न उत्तिकै आवश्यक देखिएको छ। |
| सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिको खण्डिकृत सूची | आपत्कालीन अवस्थामा समयमा नै प्रतिकार्य सम्बन्धी कार्य गर्नको लागि लिङ्ग, उमेर, अपाङ्गता, यौनिक अवस्था तथा आवश्यक मानिएका अन्य पक्षहरुलाई लिएर खण्डीकृत सूचना लिन जरुरी हुन्छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको सूची भएपनि आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी काम गर्नको लागि यसरी सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिको खण्डिकृत सूची<br>लिने अभ्यास छैन। यस प्रकारको सूची तयार गर्न सके आपत्कालीन अवस्थामा जोखिममा रहन सक्ने समूह तथा व्यक्तिलाई व्यक्तिगत रुपमा खोज तथा उद्धार, र आवश्यक विशेष राहत उपलब्ध गराउन सकिन्छ। |
| उप-महानगरपालिकामा कार्यटोलीको गठन | आपत्कालीन अवस्थामा सम्बन्धित महाशाखा तथा शाखा परिचालित भई प्रतिकार्य गर्ने अभ्यास रहेको छ। तर पनि व्यवस्थित रुपमा खानेपानी तथा सरसफाइ, प्राविधिक लेखाजोखा, खरिद, सञ्चार, द्रुत प्रतिकार्य, स्वास्थ्य तथा |

| | |
|---|---|
| तथा परिचालन | बारुणयन्त्र कार्यटोली तर्जुमा गरिएका छैनन् । यी कार्यटोलीहरु गठन गरी आवश्यक तालिम समेत दिन सकेमा मात्र आपत्कालीन प्रतिकार्य तथा त्यससँग सम्बन्धित पूर्वतयारी कार्य प्रभावकारी रपमा गर्न सकिनेछ । यसका साथै यी कार्यटोलीमा सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्ति वा समूहका संरक्षण सम्बन्धी सवालहरुलाई ध्यान दिन पूर्वतयारीको रुपमा छलफल तथा सामाग्रीहरुको तयारी गर्न आवश्यक हुन्छ । प्रतिकार्यको दौरानमा लैंङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने, राहत वितरणमा पहुँच सम्बन्धी बाधा अवरोधहरु हटाउने, एवं हिंसा तथा दूव्यवहारहरु हटाउने गरी काम गर्न कार्यटोलीहरु खटिनु पर्ने हुन्छ । |
| विषयगत क्षेत्रहरुसँगको अन्तरक्रिया र विषयगत क्षेत्रका बैठकमा सहभागिता | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा नौ वटा विषयगत क्षेत्रहरु तेकिएका छन् । यी क्षेत्रहरु निम्नानुसार रहेका छन्: १. समन्वय, सूचना, खोज तथा उद्धार, २. खाद्य सुरक्षा, ३. आपत्कालीन आश्रयस्थल, ४. स्वास्थ्य तथा पोषण, ५. शिक्षा, ६. संरक्षण, ७. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन, ८. शिघ्र पुनर्लाभ र ९. सर्भेक्षण । यी विषयगत क्षेत्रका बैठकमा उप-महानगरपालिकाका कर्मचारीहरु सहभागी हुने अभ्यास न्यून रहेको छ । उप-महानगरपालिकाका विषयगत महाशाखा तथा शाखाहरु नियमित रुपमा विषयगत क्षेत्रका बैठकहरुमा भाग लिने र आपत्कालीन अवस्थामा उप-महानगरपालिकाले गरेका कामहरु तथा आवश्यकताहरुको वारेमा सूचना आदान प्रदान गर्नु पर्ने हुन्छ । यसका साथै विषयगत क्षेत्रमा संरक्षणका सवालहरु सुनिश्चित गर्न मार्गदर्शन दिन पनि आवश्यक हुन्छ । |
| राहत वितरण मापदण्ड र राहतको लागि लाभान्वित वर्गको छनौट प्रक्रिया | कोभिडको समयमा राहत प्रदान गर्न मापदण्ड बनाइएको थियो । तर पनि आम रुपमा आपत्कालीन अवस्थामा राहत वितरण गर्न र लाभान्वित वर्ग छनौट गर्न नगर स्तरीय राहत मापदण्डको अभाव भएको हुँदा यस प्रकारको राहत मापदण्ड स्वीकृत हुने अवस्थामा रहेको छ । |
| आपत्कालीन अवस्थामा प्रयोग हुने सम्पर्क नम्वरको सूची | यस प्रकारको सूची तयार गरिएको छ र यसलाई यस योजनाको अनुसूचीमा समावेश गरिएको छ । प्रतिकार्यको दौरानमा संरक्षण सम्बन्धी घटनाहरुको वारेमा उजुरी गर्ने व्यक्तिहरुको नाम र सम्पर्क नम्वरको व्यवस्था गरी उजुरी गर्नेको गोपनियता तथा सुरक्षाको प्रत्याभूति गर्न आवश्यक हुन्छ । |


धनगढी

## खण्ड ६: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्य योजना

### ६.१ संस्थागत संरचना एवं जिम्मेवारीहरु

आपत्कालीन व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नको निम्ति आवश्यक संरचना प्रस्ताव गर्दा विद्यमान संरचनाहरु (नगर विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, उप-महानगरपालिकाका विषयगत महाशाखा तथा शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले पहिचान गरेका विषयगत क्षेत्र, जिल्लामा रहेका सङ्घ संस्था, नीजि क्षेत्र, स्थानीय स्तरमा रहेका स्वयंसेवी समूहरु (क्लब, टोल विकास समिति, आमा समूह) आदिको भूमिकालाई आत्मसाथ गरिएको छ र पूर्ण रुपमा नयाँ संरचना भन्दा पनि विद्यमान संरचना तथा विगतका अभ्यासमा आधारित रहेको छ । यी विविध पक्षहरुलाई आत्मसाथ गरी धनगढी उप-महानगरपालिकाका सरोकारवालाहरुसँग गहन छलफल गरी समग्र संस्थागत संरचना **चित्र नं ४** मा दर्शाइएको छ ।

**चित्र नं ४: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी उप-महानगरपालिका स्तरीय संरचना**



**विषयगत क्षेत्र र कार्यटोलीमा उप-महानगरपालिकाको प्रतिनिधित्व**

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (२०७९ मा अद्यावधिक गरिएको) ले ९ वटा विषयगत क्षेत्रहरु पहिचान गरेको छ। यसै गरी आपत्कालीन अवस्थामा क्रियाशील रहन उपमहानगरपालिकामा ७ वटा कार्यटोलीहरु प्रस्ताव गरिएको छ । आपत्कालीन कार्य सञ्चालन केन्द्र र कार्यटोलीको जिम्मेवारी संक्षिप्त रुपमा तालिका नं ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं ५: कार्यटोली तथा कार्यटोलीको जिम्मेवारी**

| कार्यटोली | जिम्मेवारी |
|---|---|
| प्रमुख, आपत्कालीन कार्य सञ्चालन केन्द्र | सम्पूर्ण क्षेत्रहरू तथा कार्यटोलीको गठन तथा समन्वय र परिचालन, आपत्कालीन अवस्थामा सचिवालको जिम्मेवारी । |
| प्राविधिक कार्यटोली | प्राविधिक जनशक्ति, मेसिन, डोजर, औजारहरुको प्रयोग र क्षति तथा लागत अनुमान तयारी गर्ने र आवश्यक प्राविधिक सहयोग । |
| खरिद कार्यटोली | खाद्य तथा गैह्र खाद्य साम्रग्री खरिद व्यवस्थापन, नगद प्रवाह, यातायात, खरिद, इन्टरनेट, खोज उद्धार सामग्री भण्डारण, सञ्चार सामग्री व्यवस्थापन |
| सञ्चार कार्यटोली | विपद् अवस्थाको संचार, मिडिया, पत्रपत्रिकालाई प्रेस रिलिज, वुलेटिन, विपद्को पुर्वचेतावनी सन्देश सञ्चार, सूचना व्यवस्थापन, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता । |
| द्रुत प्रतिकार्य कार्यटोली | खोज उद्धार कार्यमा परिचालन, केन्द्रमा नियमित कर्मचारी व्यवस्थापन, सूचना र समन्वय, केन्द्रबाट दैनिक रुपमा विपद्को अवस्थाको विवरण सङ्कलन र सम्विन्धत निकायमा सञ्चार र समन्वय , जिल्लास्थित सुरक्षा निकायहरुसंग समन्वय । |
| आपत्कालीन खानेपानी तथा सरसरसफाई कार्यदल | अस्थायी शौचालय, खानेपानी आपूर्ति, निर्मलीकरण, सरसफाइ अभियान, सरसफाइ सामग्री व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाइ सामग्रीहरुको व्यवस्थापन, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता, आदि । |
| स्वास्थ्य कार्यदल | स्वास्थ्य कर्मचारी व्यवस्थापन, खोप अभियान, नियमित स्वास्थ्य कार्यक्रम, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता |
| बारुणयन्त्र कार्यदल | आगलागी नियन्त्रण |

धनगढी

उप-महानगरपालिकाका महाशाखाहरु अनुसार प्रतिनिधित्व हुने विषयगत क्षेत्र र कार्यटोलीहरु **तालिका नं ६** मा उल्लेख गरिएको छ ।

**तालिका नं ६: विषयगत क्षेत्र र कार्यटोलीमा उप-महानगरपालिकाका प्रतिनिधि महाशाखा**

| महाशाखा | विषयगत क्षेत्र | कार्यटोली |
|---|---|---|
| प्रशासन महाशाखा, विपद् व्यवस्थापन शाखा | समन्वय, सूचना, खोज तथा उद्धार | सञ्चार कार्यटोली<br>द्रुत प्रतिकार्य टोली<br>बारुणयन्त्र कार्यटोली |
| शहरी विकास तथा पूर्वाधार | आपत्कालीन आश्रयस्थल<br>खानेपानी तथा सरसफाई प्रवर्धन | खानेपानी तथा सरसफाई कार्यटोली<br>प्राविधिक कार्यटोली |
| स्वास्थ्य तथा सामाजिक विकास | स्वास्थ्य तथा पोषण<br>संरक्षण | स्वास्थ्य कार्यटोली |
| योजना, वजेट तथा सूचना प्रविधि | शिघ्र पुनर्लाभ | ... |
| शिक्षा, युवा तथा खेलकुद | शिक्षा | ... |
| आर्थिक विकास | खाद्य सुरक्षा | ... |
| आर्थिक प्रशासन | ... | खरिद कार्यटोली |

### ६.२ आपत्कालीन पूर्वतयारी सम्बन्धी कार्य योजना

आपत्कालीन पूर्वतयारी कार्य योजनामा उप-महानगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरुको विश्लेषण तथा उप-महानगरपालिकाको क्षमताको विश्लेषणलाई आधार मानी प्राथमिक क्रियाकलापहरु पहिचान गरिएका छन् । यी क्रियाकलापहरु उप-महानगरपालिकाले यस योजना स्वीकृत भएको पहिलो वर्षदेखि क्रमिक रुपमा कार्यान्वयन गर्दै जानेछ र अन्य सहयोगी निकायलाई पनि यस अन्तरगतका विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्न निर्देशन दिनेछ ।

कार्य योजनामा समावेश भएका क्रियाकलापहरुमध्ये पहिलो वर्ष सम्पन्न भएका क्रियाकलापको पुनरावलोकन गरी आगामी वर्ष यस कार्ययोजनालाई अद्यावधिक गरिनेछ । कतिपय क्रियाकलापहरु निरन्तर रुपमा कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । कार्य योजना **तालिका नं ७** मा उल्लेख गरिएको छ ।

**तालिका नं ७: आपत्कालीन पूर्वतयारी कार्य योजना**

| आपत्कालीन पूर्वतयारी सम्बन्धी मुख्य क्रियाकलाप | विस्तृत क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी जिम्मेवारी |
|---|---|---|---|
| जनप्रतिनिधि तथा कर्मचारीहरुबीच आपत्कालीन अवस्था निम्त्याउने प्रकोप, प्रकोप लेखाजोखा र विपद् | प्रकोप, विपद् र आपत्कालीन अवस्था सम्बन्धी प्राविधिक ज्ञानको वारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई तालिम | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| | प्रकोप, विपद् र आपत्कालीन | विपद् | स्थानीय आपत्कालीन कार्य |

| | | | |
|---|---|---|---|
| व्यवस्थापन एवं भूमिका माथि अभिमुखिकरण | अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय, सङ्घीय, प्रादेशिक र उप-महानगरपालिका स्तरीय कानूनी तथा नीतिगत व्यवस्था माथि तालिम, गोष्ठी वा छलफल कार्यक्रम | व्यवस्थापन शाखा | सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| | सिकाइको लागि नमूना स्थानीय तहको भ्रमण तथा अन्तरक्रिया कार्यक्रम | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| | विपद् क्षति सम्बन्धी द्रुत लेखाजोखा गर्ने प्रक्रियामाथि कार्यटोलीलाई तालिम | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नियमित तथ्याङ्क सङ्कलन | नगरमा भएका प्रकोप तथा विपद्का घटना र त्यसबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, प्राविधिक कार्यटोली, नेपाल रेडक्रस सोसाइटी र गैर सरकारी संस्था |
| | तथ्याङ्क सङ्कलन गर्दा सङ्कटासन्न तथा जोखिममा रहेका समूह अनुसारको खण्डिकृत विवरण तयारी | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, प्राविधिक कार्यटोली, नेपाल रेडक्रस सोसाइटी र गैर सरकारी संस्था |
| | प्रकोपको घटना सम्बन्धी विवरण जिल्ला, प्रदेश स्तरीय र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सम्प्रेषण | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा एवं सञ्चार कार्यटोली |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नक्साङ्कन तथा पहुँचयोग्य प्रचार प्रसार | सबै वडाको प्रकोप नक्साङ्कन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | सुपर परियोजना/ राष्ट्र सङ्घीय विकास कार्यक्रम |
| | प्रकोप नक्साङ्कन सम्बन्धी पहुँचयोग्य सामाग्री तयारी | स्थानीय आपत्कालीन कार्य | अपाङ्गता भएका व्यक्तिका संस्था, विपद् व्यवस्थापन शाखा, महिला विकास शाखा, |

| | | | |
|---|---|---|---|
| | | सञ्चालन केन्द्र | गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | प्रकोप नक्साको वडा तथा समुदाय स्तरमा प्रचार प्रसार (सार्वजनिक स्थानमा बोर्ड समेत) | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, सञ्चार कार्यटोली, नगर प्रहरी, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| | प्रकोप नक्साको वारेमा सङकटासन्न तथा जोखिममा रहेका समूहबीच पहुँचयोग्य प्रचार प्रसार | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| प्रकोप पात्रो अनुसार आपत्कालीन पूर्वतयारी सम्बन्धी पहुँचयोग्य सन्देशहरुको प्रचार प्रसार तथा जनचेतना कार्यक्रम | आपत्कालीन अवस्थामा पहुँचयोग्य सञ्चार सम्बन्धी निर्देशिका वा मार्गदर्शनको तयारी | विपद् व्यवस्थापन शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र सञ्चार कार्यटोली |
| | सबै प्रकोपहरुको जोखिम र त्यसबाट बच्न आवश्यक पूर्वतयारीको वारेमा सन्देशहरुको तयारी | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | तयार गरिएका सन्देशहरु पहुँचयोग्य भएको सुनिश्चितता गर्ने कार्य | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा | महिला विकास शाखा एवं अपाङ्गता भएका व्यक्तिका संस्था |
| | रेडियो, सडक नाटक, सामुदायिक छलफल जस्ता विधिबाट सन्देशहरुको सम्प्रेषण | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी एवं स्वयंसेवी संस्थाहरु |
| | समुदाय स्तरमा आपत्कालीन अवस्था निम्त्याउने प्रकोपहरुको वारेमा जनचेतना कार्यक्रम | वडा स्तरीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र टोल विकास समिति |
| | सङ्कटासन्न तथा जोखिममा | वडा स्तरीय | विपद् व्यवस्थापन शाखा, |

| | | | |
|---|---|---|---|
| | रहेका समूहहरुलाई पहुँचयोग्य विधि मार्फत् जनचेतना कार्यक्रम | विपद् व्यवस्थापन समिति | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र सङ्कटासन्न समूहका संस्थाहरु |
| मौसम पूर्वानुमान सम्बन्धी सूचनाको पहुँच तथा प्रचार प्रसार | मौसम पूवार्नुमान सम्बन्धी विवरण समुदाय स्तरमा प्रचार प्रसार | वडा स्तरीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र टोल विकास समिति |
| | सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्तिहरुलाई मौसम पूवार्नुमान सम्बन्धी जानाकारीको पहुँच बृद्धि | टोल विकास समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| आपत्कालनि अवस्थामा संरक्षण सम्बन्धी कार्यहरु | आपत्कालीन अवस्थामा संरक्षणलाई अन्तरविषयक प्राथमिकता निर्धारण गर्ने सम्बन्धी निर्देशिका तथा रुजु सूची तयारी र कार्यटोलीहरुलाई तत् सम्बन्धी तालिम | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा र महिला विकास शाखा | विपद् व्यवस्थापन शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, द्रुत प्रतिकार्य कार्यटोली, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| स्वयंसेवक परिचालन तथा स्वयंसेवी संस्थाको क्षमता अभिवृद्धि | विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिकाको स्वीकृति तथा कार्यान्वयन | कार्यपालिका र नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | समावेशी प्रकृतिबाट स्वयंसेवकहरुको छनौट एवं परिचय पत्र, सुरक्षित कपडा तथा सामाग्री वितरण | विपद् व्यवस्थापन शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | स्वयंसेवकहरुलाई आपत्कालीन अवस्थाको लेखाजोखा, आगलागी नियन्त्रण, खोज तथा उद्धार, प्राथमिक उपचार जस्ता विषयमा तालिम | विपद् व्यवस्थापन शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, प्राविधिक कार्यटोली, बारुणयन्त्र कार्यटोली, नगर प्रहरी र सुरक्षा निकाय |
| | स्वयंसेवकहरुको बीमा | नगर विपद् | विपद् व्यवस्थापन शाखा, |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन समिति | आपत्कालीन कार्य सञ्चालन केन्द्र, स्वास्थ्य तथा सामाजिक विकास महाशाखा र प्रशासन महाशाखा |
| प्रकोप, विपद् तथा आपत्कालीन अवस्थासँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | भएका ऐन, कार्यविधि तथा मापदण्डको कार्यान्वयन | कार्यपालिका र नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, कानून शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, कार्यटोलीहरु, विषयगत महाशाखा तथा शाखा, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | नभएका नीति तथा योजनाहरु जस्तै खोज तथा उद्धार सम्बन्धी मार्गदर्शन, आपत्कालीन अवस्थामा भग्नावशेष व्यवस्थापन निर्देशिका, जोखिम सम्वेदनशील भू-उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उथ्थानशील योजना आदिको तयारी तथा कार्यान्वयन | कार्यपालिका र नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, कानून शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, कार्यटोलीहरु, विषयगत महाशाखा तथा शाखा, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| आपत्कालीन अवस्थाको व्यवस्थापनसँग सम्बन्धित आवश्यक समितिहरुको गठन तथा परिचालन | नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको कम्तिमा पनि त्रैमासिक रुपमा बैठक सञ्चालन तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक निर्णय तथा योजना | नगर विपद् व्यवस्थापन समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| वार्षिक नीति तथा कार्यक्रममा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रम र वजेट व्यवस्था | आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन | कार्यपालिका एवं नगर विपद् व्यवस्थापन समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, शहरी विकास तथा पूर्वाधार महाशाखा |
| विषयगत महाशाखा तथा शाखा र सघन | कार्यटोलीको गठन तथा काम सम्बन्धी तालिम | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, विषयगत महाशाखा |

| | | | |
|---|---|---|---|
| सेवा प्रदायकहरुमा विपद् व्यवस्थापन सम्बन्धी जिम्मेवारीहरुको स्पष्टता | | | तथा शाखाहरु |
| | विषयगत क्षेत्रको अवधारणा तथा मानवीय समन्वय सम्बन्धी तालिम | विपद् व्यवस्थापन शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | अस्पताल तथा विद्यालयमा विपद् व्यवस्थापन समितिको गठन र तालिम | विपद् व्यवस्थापन शाखा | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा, शिक्षा शाखा, स्वास्थ्य कार्यटोली र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | आपत्कालीन अवस्थामा शिक्षाको निरन्तरता सम्बन्धी मार्गदर्शन | विपद् व्यवस्थापन शाखा | स्वास्थ्य तथा सामाजिक विकास महाशाखा, शिक्षा शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| राहत तथा तत् पश्चात्का मानवीय कार्यमा नीजि क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन | राहत सामाग्री सम्बन्धी स्थानीय वजारको अवस्था माथि त्रैमासिक रुपमा विवरण सङ्कलन तथा विश्लेषण | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, उद्योग वाणिज्य सङ्घ, विपद् व्यवस्थापन शाखा, प्रशासन महाशाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | नीजि क्षेत्रसँग आपत्कालीन राहत व्यवस्थापन एवं बन्दोबस्ती सम्बन्धी छलफल तथा सहमति पत्रमा हस्ताक्षर | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, उद्योग वाणिज्य सङ्घ, विपद् व्यवस्थापन शाखा, प्रशासन महाशाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | आपत्कालीन अवस्थामा गैर सरकारी संस्थाको परिचालन र भूमिका माथि छलफल कार्यक्रम | नगर विपद् व्यवस्थापन समिति | गैर सरकारी संस्था, राष्ट्र सङ्घीय निकाय, विपद् व्यवस्थापन शाखा, प्रशासन महाशाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| आपत्कालीन खरिद सम्बन्धी व्यवस्था | आपत्कालीन प्रतिकार्यको लागि द्रुत खरिद सम्बन्धी व्यवस्था | कार्यपालिका | नगर विपद् व्यवस्थापन समिति, योजना, वजेट तथा सूचना प्रविधि महाशाखा, खरिद कार्यटोली |
| सघन सेवा प्रदायक निकाय तथा संरचनामा सबलीकरण तथा पूर्वतयारी | विद्यालय, अस्पताल, सामुदायिक भवन, सरकारी सेवा कार्यालयहरुको जोखिम विश्लेषण | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | जोखिम विश्लेषणको आधारमा भवनहरुमा | शहरी विकास तथा पूर्वाधार | विपद् व्यवस्थापन शाखा |

| | | | |
|---|---|---|---|
| | सबलीकरण कार्य | महाशाखा | |
| | दमकल जान नसक्ने स्थानमा फायर हाइड्रेन्टको व्यवस्था | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | सघन सेवा प्रदायकको भवनमा धुवाँको सङ्केत गर्ने र आगलागी सम्बन्धी जनाऊ दिने उपकरण जडान | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | चट्याङ्गबाट हुने जोखिम नियन्त्रण गर्न भीडभाड हुने क्षेत्रमा एरेस्टरको व्यवस्था | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम | शहरी विकास तथा पूर्वाधार महाशाखा | उद्योग वाणिज्य सङ्घ, निर्माण व्यवसायी सङ्घ र विपद् व्यवस्थापन शाखा |
| | भवन निर्माण तथा सबलीकरण कार्यमा ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको पहुँच सम्बन्धी सुनिश्चितता | शहरी विकास तथा पूर्वाधार महाशाखा | महिला विकास शाखा |
| | मनसुन पूर्व नै ढल तथा पानी बग्ने स्थानहरुको सफाइ | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | सडकमा सुरक्षा सुनिश्चित गर्ने गरी बत्तिको व्यवस्था र सडक सुरक्षा सम्बन्धी जनचेतना एवं गती सिमिति गर्ने संरचनाको व्यवस्था | विपद् व्यवस्थापन शाखा | नेपाल विद्युत प्राधिकरण, ट्राफिक प्रहरी र नगर प्रहरी |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपसँग सम्बन्धित सरोकारवालाहरुको लगानी बृद्धि | निजी क्षेत्रका एम्बुलेन्सलाई परिचालन गर्ने सम्बन्धी सहमती | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा र एम्बुलेन्स सेवा प्रदायकहरु |
| | आगलागी नियन्त्रणको लागि आवश्यक दमकलको व्यवस्था एवं तालिमको लागि नेपाल विद्युत प्राधिकरण, नेपाल आयल निगम तथा प्रहरीमा पनि दमकलको व्यवस्था गर्ने सम्बन्धी छलफल | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, बारुण यन्त्र कार्यटोली, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल विद्युत प्राधिकरण, नेपाल आयल निगम तथा नेपाल प्रहरी |
| पूर्वानुमानका | जल तथा मौसम विज्ञान | विपद् | स्थानीय आपत्कालीन कार्य |

| | | | |
|---|---|---|---|
| आधारमा अग्रिम रुपमा राहत व्यवस्था | विभागले उपलब्ध गराएको मौसम पूर्वानुमान अनुसार समुदायलाई सम्भावित प्रकोपको वारेमा जानाकारी | व्यवस्थापन शाखा | सञ्चालन केन्द्र, गैर सरकारी संस्था, वडा स्तरीय विपद् व्यवस्थापन समिति र स्वयंसेवी समूहहरु |
| जोखिम हस्तान्तरण | बाली बीमा, पशु बीमा, घर (भवन) बीमा र व्यवसाय बीमा सम्बन्धी नीतिगत निर्णय तथा कार्यान्वयन | विपद् व्यवस्थापन शाखा | बीमा कम्पनी, उद्योग वाणिज्य सङ्घ र आर्थिक विकास महाशाखा, कृषि सेवा केन्द्र |
| | बीमा सम्बन्धी जनचेतना कार्यक्रम | विपद् व्यवस्थापन शाखा | बीमा कम्पनी, उद्योग वाणिज्य सङ्घ र आर्थिक विकास महाशाखा, कृषि सेवा केन्द्र |
| | बीमा सम्बन्धी चूनौतिहरुको वारेमा छलफल | विपद् व्यवस्थापन शाखा | बीमा कम्पनी, उद्योग वाणिज्य सङ्घ र आर्थिक विकास महाशाखा |
| आपत्कालीन भण्डारण | राहत समाग्री भण्डारण कक्षको निर्माण | नगर विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा र खरिद कार्यटोली, शहरी विकास तथा पूर्वाधार महाशाखा |
| पहुँचयोग्य निर्माण | अपाङ्गता मैत्री संरचनाहरुको निर्माण | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा र महिला विकास शाखा |
| | गोपनियता तथा सुरक्षा सम्वेदनशील संरचना निर्माण | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा र महिला विकास शाखा |
| खुल्ला स्थानको छनौट, आपत्कालीन सेवा सम्बन्धी लगानी र तत् सम्बन्धी पूर्वतयारी | प्रारम्भिक रुपमा छनौट गरिएका खुल्ला क्षेत्रको पुनरावलोकन तथा अन्तिम सूची प्रकाशन तथा प्रचार प्रसार | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | खुल्ला स्थानमा आपत्कालीन अवस्थाको लागि खानेपानी, शौचालय जस्ता आवश्यक संरचना निर्माण सम्बन्धी निर्णय तथा कार्यान्वयन | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| | सुरक्षित स्थानमा पुग्न सुरक्षित तथा पहुँचयोग्य मार्गको पहिचान | शहरी विकास तथा पूर्वाधार महाशाखा | विपद् व्यवस्थापन शाखा |
| सङ्कटासन्न र जोखिममा रहेका | लिङ्ग, उमेर, अपाङ्गता, यौनिक अवस्था तथा आवश्यक | आपत्कालीन कार्य | नगर विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् |

| | | | |
|---|---|---|---|
| व्यक्तिको खण्डिकृत सूची | मानिएका अन्य पक्षहरुलाई लिएर खण्डीकृत विवरण तयारी | सञ्चालन केन्द्र | व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा र महिला विकास शाखा |
| राहत वितरण मापदण्ड तर्जुमा | सङ्घीय तथा प्रादेशिक व्यवस्था वाहेक उप-महानगरपालिकाले दिने राहत सम्बन्धी निर्णय | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति | नगर विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| | राहत वितरणको लागि लाभान्वित वर्गको छनौट आधार सम्बन्धी निर्णय | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| आपत्कालीन अवस्थामा संपर्क गर्ने निकाय सम्बन्धी विवरण | आपत्कालीन अवस्थामा प्रयोग हुने सम्पर्क नम्वरको सूची | आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन शाखा |
| | आपत्कालीन अवस्थामा गोपनियता तथा संरक्षण सम्बन्धी व्यवस्था | महिला विकास शाखा | विपद् व्यवस्थापन शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र |

धनगढी उप-महानगर

## खण्ड ७: योजना कार्यान्वयन तथा मुल्याङ्कन एवं योजना अद्यावधिक कार्य

### ७.१ योजना कार्यान्वयन तथा मुल्याँकन

यस योजना कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी नगर विपद् व्यवस्थापन समितिका संयोजक वा उप-महानगरपालिकाको प्रमुख र विपद् व्यवस्थापन हेर्ने शाखा एवं त्यस अन्तरगतको स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको हुनेछ ।
यस योजना कार्यान्वयन गर्न प्रत्येक वर्ष आवश्यक रकमको विनियोजन गरिनेछ । आपत्कालीन कोषको परिचालन र वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको श्रोत अनुसार योजनालाई कार्यान्वयन गरिने छ ।

मानवीय सङ्घ संस्था, गैर सरकारी निकाय, रेडक्रस, र नीजि क्षेत्रका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवं आपत्कालीन व्यवस्थापन सम्बन्धी परियोजनाहरुलाई यस योजनामा समावेश भएका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न निर्देशन दिइनेछ ।

यस योजनाको कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्याङ्कन गर्ने मुख्य जिम्मेवारी नगर विपद् व्यवस्थापन समिति र त्यसलाई सहजीकरण गर्ने भूमिका विपद् व्यवस्थापन शाखा एवं त्यस अन्तरगतको स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको हुनेछ ।

अनुगमन तथा मुल्याङ्कन गर्ने क्रममा निम्नानुसारका पक्षहरुलाई ध्यान दिइने छ ।

- श्रोतको विनियोजन तथा परिचालन
- योजना कार्यान्वयनबाट भएका प्रतिफल तथा जोखिमको न्यूनीकरण
- सहयोगी निकायको भूमिका
- कार्ययोजनाको प्रगति तथा बाधा अवरोधहरु
- सम्पन्न भएका कार्यहरुको पुनरावलोकन र सिकाई
- आगामी वर्षहरुमा ध्यान दिनुपर्ने क्षेत्र तथा विषयहरु
- सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिहरुको पूर्वतयारी तथा प्रतिकार्यमा समावेशीकरण

### ७.२ योजनाको अद्यावधिक कार्य

धनगढी उप-महानगरपालिकामा आपत्कालीन समयमा सम्पादन गरिने क्रियाकलाप तथा जिम्मेवारीहरु तोकिएको यस आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय सान्दर्भिक बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने परिवर्तन अनुसारको योजना बनाइराख्न यस योजनालाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ । यसको नेतृत्व यस योजना कार्यान्वयनको जिम्मेवारी भएको विपद् व्यवस्थापन शाखा र त्यस अन्तरगत रहेको आपत्कालीन कार्य सञ्चालन केन्द्रले गर्नेछ । निम्नानुसार यस योजनाको अद्यावधिक गर्ने कार्य गरिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

- खण्ड १ मा उप-महानगरपालिकामा भएको जनसङ्ख्या सम्बन्धी विवरण अद्यावधिक गरिने छ ।
- खण्ड २ मा सङ्घीय, प्रादेशिक तथा स्थानीय रुपमा तर्जुमा गरिएका थप कानूनी तथा नीतिगत प्रयासहरुलाई अद्यावधिक गरिने छ ।
- खण्ड ३ मा विभिन्न सरोकारवालाहरुको सुझावलाई आधार मानी समग्र योजनामा भएको विषयवस्तु परिवर्तनलाई निरन्तर रुपमा समावेश गरिनेछ ।
- खण्ड ४ मा उप-महानगरपालिका क्षेत्रमा परिवर्तन भएको प्रकोप, विपद् तथा आपत्कालीन अवस्थालाई विश्लेषण गर्दै विश्लेषणबाट प्राप्त नतिजालाई अद्यावधिक गरिने छ ।
- आपत्कालीन पूर्वतयारीको प्रगति तथा थप आवश्यक कार्यहरुको पुनरावलोकन गरी यस सम्बन्धी विवरण खण्ड ५ मा समावेश गरिने छ ।
- खण्ड ६ मा यस योजना कार्यान्वयन गर्ने क्रममा भएका सिकाइलाई आभार मानी संस्थागत संरचना तथा जिम्मेवारीहरु समायोजन गरिनेछ ।
- खण्ड ७ मा पनि योजना कार्यान्वयनबाट प्राप्त अनुभवलाई आधार मानी आवश्यक परिवर्तन गरिनेछ ।

धनगढी उप-महानगरपालिकाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई नियमित रुपमा अद्यावधिक गरिने व्यवाहारिक तथा क्रियाशील दस्तावेजको रुपमा लिनेछ । यसलाई कार्यान्वयन गर्न उप-महानगरपालिकाले पुर्ण नेतृत्व प्रदान गर्नेछ । यसलाई अझ प्रभावकारी तथा व्यवहारिक बनाउनको लागि नियमित रुपमा योजना माथि छलफल, कृतिम अभ्यास र विभिन्न सरोकारवालाहरुको पृष्ठपोषण, राय तथा सुझाव निरन्तर रुपमा लिइनेछ ।

उपमहानगरपालिका आफ्नो श्रोतले भ्याएसम्म यस योजना कार्यान्वयनको लागि प्रतिबद्ध रहनेछ । यसका साथै यसको कार्यान्वयनको लागि उपमहानगरपालिका तथा जिल्ला तहमा रहेको सङ्घ संस्थाको सहयोग प्रति पनि कृतज्ञ हुनेछ ।

धनगढी उप महानगरपालिका राजपत्र

## अनुसूची १: आपत्कालीन संपर्क नम्वर




<u>**आज्ञाले,**</u>

..................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका